**निर्णयहरुः**

१. हाल विश्व महामारीको रुपमा फैलिरहेको नोभल कोरोना भाइरस (COVID-19) को रोकथाम,प्रभाव न्यूनीकरण तथा सम्भावित महामारीको जोखिमबाट बच्नको लागि उचीत समयमै सचेततापूर्वक तपसिल अनुसारका सुरक्षाका उपायहरु अपनाई सुरक्षित रहन नगरपालिकाबाट नगरवासीहरुलाई माइकिङ् सहितको विभिन्न माध्यमबाट सचेतनामूलक अनुरोध गरी रहेको साथै सो सम्बन्धमा सम्बन्धित वडा कार्यालयबाट समेत आ-आफ्ना वडाहरुमा जानकारी गराउने काम भैरहेकोमा उक्त कार्यलाई निरन्तरता दिने ।

क) केही चीज छुने बित्तिकै साबुन पानीले मिचीमिची हात धुने,

ख) अनावश्यक भेलाको आयोजना र भिडभाड नगर्ने ,

ग) एक व्यक्तिबाट अर्को व्यक्ति कम्तीमा ३ फिट भन्दा पर बस्ने बस्ने,

घ) हातले आँखा, नाक र मुख नछुने,

ङ) कसैसँग हात नमिलाउने, चुम्बन नगर्ने र अंकमाल नगर्ने,

च) खोक्दा वा हाछ्यु गर्दा कुहिनो वा टिस्यु पेपरले मुख छोप्ने र खोक्दा वा हाछ्यु गर्दा प्रयोग गरिएको टिस्यु पेपरलाई सुरक्षित रुपमा सडाउने वा जलाउने,

छ) ज्वरो आएमा, खोकी लागेमा वा सास फेर्न गारो भएमा स्वास्थ्य संस्थामा गएर जचाउने,

ज) सरकारले तोकेको LOCK DOWN को अवधिभर अत्यावश्यक औषधी र खाद्यवस्तु खरिद वाहेकको अन्य कामका लागि कोही पनि घरबाट बाहिर ननिस्कने व्यवस्था गर्ने ।

२. १५ दिन भन्दा अगाडी भारत लगायतका अन्य मुलुक र देशका विभिन्न शहरबाट घर आएका व्यक्तिहरुको लगत वडा अध्यक्षको नेतृत्व तथा सम्बन्धित वडाका सदस्यहरु, राष्ट्रसेवक, शिक्षक तथा महिला स्वास्थ्य स्वयंसेविकाहरु समेतको सहभागितामा सम्बन्धित स्वास्थ्य संस्था प्रमुखले दैनिक अध्यावधिक गरी सोको बिवरण नगरपालिकामा पठाउने र त्यस्ता व्यक्तिहरुलाई स्वास्थ्यकर्मीको परामर्श बमोजिम परिवारका सदस्य, नरनाता र साथिभाइहरुसँग अलग्गै रहने गरी होम क्वारेन्टाइनमा राख्ने व्यवस्था गर्ने ।

३. होम क्वारेन्टाइनमा बस्न अटेर गर्ने व्यक्तिलाई सुरक्षाकर्मी समेतको सहयोगमा ओखलढुङ्गा बजार र रुम्जाटारमा तयार गरिएको क्वारेन्टाइनमा ल्याएर राख्ने ।

४. क्वारेन्टाइनमा बस्नेहरुको खाना खाजा खर्च वापतको बजेट नेपाल सरकारबाट निकासा नहुँदा सम्मको लागि कोरोना भाइरस (COVID-19) सम्बन्धी क्वारेन्टाइन सञ्चालन तथा व्यवस्थापन गर्न बनेको मापदण्ड,२०७६ बमोजिम  हाललाई नगरपालिकाबाटै गर्ने ।

५. मानिसहरुको बढी जमघट र भिडभाड हुने प्रकृतिका सरकारी, निजी वा संगठित संस्थाबाट सञ्चालित आयोजनामा कामकाज गरिरहेका कामदारहरुको स्थायी ठेगाना जिल्ला, नपा/गापा, वार्ड नं., गाउँटोल र सम्पर्क नं.समेतको बिवरण तयार गरी जिल्ला प्रशासन कार्यालयमा बुझाउने र उक्त कार्यालयको अनुमति लिई आ-आफ्नो घर जाने व्यवस्था मिलाउने ।

६. कोरोना भाइरस (COVID-19) को रोकथाम, प्रभाव न्यूनीकरण तथा सम्भावित महामारीको जोखिमबाट बच्नको लागि अपनाउनुपर्ने सुरक्षाका उपायहरु सम्बन्धी चेतनामूलक सन्देशहरु तयार गरी कार्यालयको वेभ साइट, फेसबुक पेज, माइकिङ् तथा फ्लेक्स लगायत स्थानीय एफ.एम.हरुको माध्यमबाट प्रचार प्रसार गर्ने व्यवस्था गर्ने ।

७. नगरपालिका र मातहतका वडा कार्यालयहरुबाट अत्यावश्यक सेवा प्रवाह गर्ने जिम्मेवारीमा रहेका कर्मचारीहरु र स्वास्थ्यकर्मीहरु बाहेक अन्य कर्मचारीहरु खोजी भएको बखत उपलब्ध हुने गरी आ-आफ्नै घर कोठामा बस्ने व्यवस्था गर्ने ।

८. नगर स्तरीय द्रुत प्रतिकार्य टोलीलाई थप क्रियाशील रुपमा परिचालन गर्ने ।

९. स्वास्थ्यकर्मीले प्रयोग गर्ने PPE (personal Protective Equipment) यसअघि नगरपालिकाबाट १० थान खरिद गरी रुम्जाटार अस्पताललाई २ थान, ओखलढुङ्गा सामुदायिक अस्पताललाई २ थान, मानेभञ्ज्याङ् गाउँपालिका अन्तरगत टोक्सेल हर्कपुरमा रहेको स्वास्थ्य सहायता कक्षलाई २ थान र सामुदायिक आँखा केन्द्रलाई १ थान, स्वास्थ्य चौकी ओखलढुङ्गालाई १ थान, रामाइलोडाँडास्थित हेल्थ डेस्कलाई १ थान र १ थान जिल्ला स्वास्थ्य कार्यालयलाई उपलब्ध गराइएकोमा अब थप १० थान PPE (personal Protective Equipment) खरिद गरी नगस्थित सबै स्वास्थ्य संस्था, हेल्थ डेस्क र Quarantine मा प्रयोग गर्ने गरी उपलव्ध गराउने ।

१०. ज्वरो मापन कार्यमा प्रयोग गरिने Thermal gun खरिद गर्न यस अघि नै निर्णय भए तापनि सो उपकरण हालसम्म नेपालस्थित कुनै Supplier हरुबाट उपलव्ध हुन नसकेको र Supplier हरु हाल खरिद प्रक्रियामा रहेको जानकारी प्राप्त भएकोले नेपाली बजारमा उपलव्ध हुनेसाथ नगरस्थित सबै स्वास्थ्य संस्था, हेल्थ डेस्क, कार्यालय र क्वारेन्टाइनस्थाल समेतलाई पुग्ने संख्यामा खरिद गरी उपलव्ध गराउने ।

११. हाल विश्वव्यापी महामारीको रुपमा फैलिएर हजारौंको संख्यामा ज्यान लिई सकेको कोभिड-१९ को रोकथाम,प्रभाव न्यूनीकरण तथा सम्भावित महामारीको जोखिमबाट बच्नको लागि सरकारले तोकेको एकान्तवास (LOCK DOWN) को समयलाई मजाकको रुपमा उडाई घरबाट बाहिर निस्कने, समय व्यतीत (Time Past) को नाममा अनावश्यक भेला तथा भिडभाड (विभिन्न खेलको आयोजना, भोजभतेर, गफ गर्ने अखडाको सिर्जना) र कोभिड-१९ सम्बन्धमा आधारहिन र भ्रम फैलाउने खालका सूचना सम्प्रेषण गर्नेजस्ता कार्यहरु हुने गरेको देखिएकोले सम्बन्धित वडा समिति मार्फत वडावासी जनतालाई त्यस्तो कार्यमा सहभागि नहुन र सरकारले तोकेको एकान्तवास (LOCK DOWN) को अवधिभर संयम र धैर्यतापूर्वक आ-आफ्नै घरभित्र रहनका लागि विभिन्न सञ्चार माध्यमहरुबाट अनुरोध गर्ने ।

१२. यस नगरपालिकाको पाँचौं नगर सभाको निर्णय नं.८.५ ले कोरोना लगायत अन्य महामारीजन्य रोक नियन्त्रण सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन शीर्षकमा रु.२ लाख ५० हजार बजेट विनियोजन गरी निर्णय नं.८.३.१० बाट उल्लिखित कार्यका लागि थप बजेट आवश्यक पर्ने परिस्थिति सिर्जना भएमा जुनसुकै शीर्षकबाट खर्च गर्न सक्ने निर्णय गरे बमोजिम कोरोना (कोभिड-१९) को रोकथाम, प्रभाव न्यूनीकरण तथा सम्भावित महामारीको जोखिमबाट बच्नको लागि थप बजेट आवश्यक परेमा चालु आ.व.को समपूरक अनुदान शीर्षकमा विनियोजित बजेटबाट खर्च गरी सोको प्रतिवेदन आगामी नगर सभामा पेश गर्ने ।

१३ .नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको चलानी नं.४३९ मितिः२०७६।१२।१९ को पत्र र सोही पत्रसाथ प्राप्त मितिः२०७६।१२।१९ को (सचिव स्तरीय) निर्णयानुसार स्वीकृत “असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलव्ध गराइने राहत सम्बन्धी मापदण्ड,२०७६” कार्यान्वयन गरी लक्षित समूहलाई राहत उपलव्ध गराउने ।